
# बाल बिबाह अन्त्यका लागि कृष्णनगर नगरपालिकाको रणनीति तथा कार्ययोजना २०७८-२०८८

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/११/१६



## कृष्णनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

# हार्दिक शुभकामना

कृष्णनगर नगरपालिका एतिहासिक तथा धार्मिक हिसाबले आफ्नै पहिचान बोकेको नगरपालिका हो । बिभिन्न धर्म समुदायको बसोवास रहेको यस क्षेत्रमा आ आफ्नै संसकार, संस्कृति र परम्पराहरु रहेका छन । कम सचेतना हुंदा कतिपय परिबर्तनको आवश्यकता रहेका परम्पराहरुको निरन्तरताका कारण समाजको आर्थिक तथा सामाजिक विकास अवरोध हुन पुग्छ। परिवर्तनको आवश्यकता रहेको परम्परागत सामाजिक अभ्यास बाल विवाह पनि कपिलवस्तु जिल्लामा व्याप्त छ र कृष्णनगर नगरपालिकामा पनि यसको अभ्यास व्यापक रहेको देखिन्छ । बाल विवाह अन्त्यका लागि निमार्ण गरिएको यस रणनितिले राखेका लक्ष्य तथा उदेश्य पुरा गर्नका लागि सबै पक्षहरुबाट आवश्यक सहयोगको अपेक्षा गरेका छौ ।

यस पालिका भित्रका गैर सरकारी संस्था, कानुन कार्यान्वयनका निकाय, साझेदार संस्था, सहकारी संस्था, निजि क्षेत्र, महिला तथा किशोरी समुह, बाल तथा युवा क्लवहरु लगायत सवै सरोकारवालाहरुबाट यो रणनिति योजना कार्यान्वयन तथा बाल विवाह अन्त्यका लागि आवश्यक सहकार्य गर्न हार्दिक आहवान गर्दछौ । यस नगरपालिकाले बाल विवाह अन्त्यका लागि तयार गरेको १० वर्षे रणनिति योजना प्रति खुसी व्यक्त गर्दै यो रणनिति योजना निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल तथा सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ । साथै यस रणनिति योजनाको सफल कार्यन्वयनका लागि शुभकामना व्यक्त गर्दछौ ।

रजत प्रताप शाह
नगर प्रमुख
कृष्णनगर नगरपालिका

## विषयसूची


[illegible] ........ ३

२. अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिवद्धता ........ ४

३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था ........ ५

४. वर्तमान सन्दर्भ ........ ७

५. रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य ........ ८

६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया ........ ९

७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू ........ १०

८. दूरदृष्टि ........ ११

९. ध्येय ........ ११

१०. लक्ष्य ........ ११

११. उद्देश्यहरू ........ ११

१२. रणनीति तथा कार्यनीतिहरू ........ ११

१३. बाल विवाह अन्त्यको कार्ययोजना, २०७८-२०८८ ........ १५

१४. संस्थागत संरचना ........ २७

१५. जोखिम तथा न्यूनीकरण ........ २७

१६. सहकार्य तथा समन्वय ........ २८

# बालविवाह अन्त्यको रणनीति तथा कार्ययोजना (२०७८-२०८८)

## प्रस्तावना

बालविवाह बाल अधिकार हनन हो । नेपालले बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिबद्धताहरू जनाएको छ । बालअधिकार महासन्धि १९८९ मा नेपाल पक्ष राष्ट्र हो । नेपालको संविधान २०७२ को धारा ३९ ले बालबालिकाको हकलाई सुरक्षित गर्दै बाल अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। संविधानको धारा ३९ बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बालविवाहलाई पहिलो पटक बाल अधिकार हननको विषयमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ। स्थानीय सरकारलाई बाल अधिकारको प्रबर्धनको लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न जिम्मेवारीहरूको व्यवस्था गरिएको छ।

नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता र विद्यमान राष्ट्रिय कानूनअनुसार बालविवाह एक कानुनी र सामाजिक अपराध हो। मुलुकी देवानी संहिता ऐन २०७४ को दफा ७० को उपदफा घ मा २० वर्ष पूरा नभई गरिएको विवाहलाई बालविवाहको रूपमा परिभाषित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँ र नगरपालिकाको काम अन्तर्गत बालविवाह, बहुविवाह, लैगिंक हिंसा छुवाछुत, दाइजो, हलीया प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, बाल श्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी प्रदान गरेको छ।

नेपाल बालविवाह हुने देशहरू मध्ये उच्च जोखिममा रहेको छ। नेपाल सरकारले सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीति बनाइ कार्यान्वयनमा समेत ल्याएको छ। यस रणनीति सफल पार्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सघंसस्थाहरू लागि परेका छन् ।

बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति २०७२ ले अंगिकार गरेको लक्ष्यअनुसार स्थानीय तह अन्तर्गत यस कृष्णनगर नगरपालिकाले पनि पहल गरी राष्ट्रिय रणनीतिका उद्देश्यहरू पूरा गर्न योगदान गर्ने भएको छ। यस नगरपालिकालाई पनि बालविवाह अन्त्य पालिका बनाइ बालविवाह अन्त्यको लागि 'स्थानीय रणनीति २०७८' तयार गरी लागु गरीएको छ।

## १. पृष्ठभूमि

लैङ्गिकतामा आधारित हिंसाका प्रकारहरू मध्ये बालविवाह एक हो। विश्वमा हरेक वर्ष ७० करोड किशोरीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गर्दछ भने विश्वभर हुने बालविवाहको ५० प्रतिशत दक्षिण एशियामा मात्र हुने गरेको छ। नेपालमा ३७ % बालिकाहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेका छ। बालविवाह हुने मुलूकहरू मध्ये दक्षिण एशियामा भारत र बंगलादेशपछि नेपाल तेस्रो स्थानमा पर्दछ। नेपाल जनसङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ ले नेपालमा १५ देखि ४९ वर्षका बैवाहिक उमेरका महिलाहरू मध्ये १३ प्रतिशतको १५ वर्षको उमेरमा विवाह भएको देखिन्छ भने ५२ प्रतिशतले १८ वर्षको उमेरमा विवाह गरेको देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसङ्ख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिका मध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको छ। यस मध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको



रजत प्रताप शाह
नगर प्रमुख

विवाह [illegible] बालविवाहको ७५.६६ प्रतिशत रहेको [illegible]। नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण २०१४ अनुसार १५ वर्षदेखि १९ वर्षसम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या [illegible] देखिएको छ।[1]

नेपालमा बाल विवाहको अवस्था भौगोलिक अवस्था, बसोवास क्षेत्र, आर्थिक-सामाजिक, शैक्षिक अवस्था, जातजाति, धर्म तथा समुदायको विविधताका आधारमा फरक फरक रहेको पाइन्छ। कपिलवस्तु जिल्ला नेपालकै सबैभन्दा बढी बालविवाह हुने जिल्ला मध्येकै एक हो। [2]बालिका दुलही होइनन् भन्ने राष्ट्रिय सञ्जालले २०७१ मा गरेको एक अध्ययन अनुसार कपिलवस्तु जिल्लामा मात्रै विवाह गरेका २० देखि २४ वर्षका महिलामध्ये ६५ प्रतिशतको विवाह १८ वर्ष नपुग्दै हुने गरेको तथ्याङ्क छ। कपिलवस्तु जिल्लामा महिला तथा बालबालिका कार्यालयले २०७३ मा गरेको एक अध्ययन अनुसार ७४ प्रतिशत विवाह २० वर्ष नपुग्दै गरेको पाइएको छ।

कम उमेरमा बच्चा जन्माउँदा महिलाको आर्थिक, सामाजिक तथा स्वास्थ्य र शिक्षा जस्ता सम्पूर्ण क्षेत्रमा नकारात्मक असर पर्ने देखिन्छ भने आमा र बच्चा दुवैको ज्यान खतरामा हुने, बालबालिकामा कुपोषण भई शारीरिक, मानसिक र बौद्धिक रूपमा समेत कमजोरीहरू देखा पर्दछन्। नेपालमा प्रत्येक १,००० मध्ये ८८ बालबालिकाको जन्म किशोरी आमाबाट हुन्छ। २० वर्ष मुनिका ३७.५% बालिकाहरूले घर वा अन्य असुरक्षित स्थानमा सुत्केरी गराउने गरेका छन्। १५ देखि १९ वर्षसम्मका विवाह गर्ने किशोरीहरूमा १५ प्रतिशतले मात्र गर्भ निरोधको साधन प्रयोग गरेको र करिब प्रत्येक ५ जनामा १ महिलाले १९ वर्ष अगावै सन्तानलाई जन्म दिइसकेका हुन्छन। त्यसै गरि महिला विरुद्धका धेरै हिंसाहरू मध्ये यौनहिंसा भोग्ने मध्ये ८० प्रतिशतले आफ्नो श्रीमानबाट पीडित हुने बताएका छन भने १५ देखि ४९ वर्षका किशोरी तथा महिलाहरू मध्ये एक चौथाई अर्थात २६ प्रतिशतले शारीरिक हिंसा भोगेको उल्लेख गरेको छ।[3] विवाह गरेका धेरै कारणहरूमध्ये ४५.२ प्रतिशत पुरुषले घरको कामकाजमा सघाउनको लागि बिहे गरेको कुरा पनि प्रतिवेदनमा देखिन्छ।[4]२० वर्ष मुनिका गर्भवती बालिकाहरू तिन गुणा बढी मातृ मृत्युको जोखिममा हुने गरेको कुरा पनि प्रतिवेदनमा उल्लेख भएको छ।

नेपालमा बालविवाह उन्मूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा धेरै प्रयासहरू भएका छन्। बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले स्पष्ट रणनीतिक कार्यदिशा प्रदान गरेको छ। हरेक रणनीतिक कार्यदिशा पूरा गर्नका लागि विशिष्ट रणनीतिक उपायहरूको व्यवस्था गरेको छ। नेपालका विभिन्न समुदाय र जिल्लाहरूमा बालविवाहका कारणहरू पनि फरक फरक भएकाले त्यसलाई सम्बोधन गर्न जिल्ला स्तरीय र सबै स्थानीय तहका आ-आफ्नै विशेषता र प्राथमिकता रहेकोले सबै स्थानीय सरकारका आ-आफ्नै रणनीतिक कार्ययोजना हुनु पर्ने अर्को महत्वपूर्ण पक्ष छ।

त्यसैले नेपाली समाजमा समस्याको रूपमा रहेको बाल विवाह अन्त्य गर्न सबै सरोकारवालाहरूको सहयोगमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरूका साथै मुलुक भित्र प्रदेश सरकार र स्थानीय तहसम्मले परम्परागत सोच, चिन्तन, सकारात्मक विश्वास, सामाजिक मूल्य तथा मान्यता र व्यवहारमा परिवर्तन ल्याउन तथा बाल विवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीतिको कार्यान्वयनका लागि स्थानीय तहमा पनि स्पष्ट रणनीति र कार्ययोजना जरूरी भएको हुँदा यो "बाल विवाह अन्त्यका लागि स्थानीय सरकारको रणनीति तथा कार्ययोजना, २०७८" तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

---

[1]नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७६, नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद, २०७६

[2]http://www.nepalioutlook.com/16703/

[3] NDHS, 2016

[4]SOLID Nepal for Plan Nepal 2012



CamScanner

## अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिबद्धता

बाल अधिकार महासन्धि १९८९; महिला माथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारको लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ लगायतका मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएको र जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994) , चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) तथा सन् २०13 मा बालविवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बालविवाह राष्ट्रिय तहमा उन्मुलन गर्ने प्रतिवद्धता समेत जाहेर गरेको छ। [५]

त्यसका अतिरिक्त दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (**South Asian Association for Regional Cooperation- SAARC**) सँग आवद्ध रहेको बालबालिकामाथि हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल (SAIEVAC) अन्तर्गत सार्क मुलुकहरुमा "बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८)" तयार गरी राष्ट्रिय संयन्त्रमार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरू गरेको छ। उक्त रणनीति अनुकूल नेपाल सरकारले वि.स. २०७१ साल कार्तिकमा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्क स्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाण्डौं घोषणापत्र" -Kathmandu Call for Action to End Child Marriage in South Asia) समेत पारित गरिएको थियो।[६]

नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो।[७]बालविवाह समानता र विकासको प्रमुख बाधकको रूपमा रहेको कुरालाई महशुस गरि दिगो विकासका लक्ष्यहरू (२०१६-३०) को लक्ष्य ५.३ मा बालविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाहदेखि महिला विरुद्धका हानिकारक प्रथाहरूको अन्त्य गर्ने विषयमा अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाइ राष्ट्रिय सूचकहरू सहित तयार गरेको छ।[८]

यसको कार्यान्वयनको क्रममा सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न नेपाल सरकारले राष्ट्रिय रणनीति २०७२ तयार गरि कार्यान्वयनमा ल्याएको छ। बालविवाह विरुद्धको अभियानलाई प्राथमिकतामा राखी लुम्बिनी प्रदेश सरकार शिक्षा तथा सामाजिक विकास मन्त्रालयले बालविवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति ( आ.व. २०७८/७९-२०८८/८९) हाल कार्यान्वयनमा ल्याएको छ। उक्त लक्ष्य प्राप्तिको लागि कपिलवस्तु धेरै पछाडि परेको हुदाँ यस जिल्लाले पनि नेपाल सरकारले निर्माण गरेको नीतिलाई अवलम्बन गर्दै जिल्लाको रणनैतिक कार्य योजना बनाएको छ। सोही कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वयनमा ल्याउन तथा सोको

---

[५] Human Rights Committee, Report of the Human Rights Council on its twenty-fourth session, para. 195, U.N. Doc. A/HRC/24/2 (2014).

[६] नेपालमा बालबालिकाको स्थिती प्रतिवेदन २०७५

[७] नेपालको संविधान २०७२ को धारा ५१ (ख) (२)।

[८] दिगो विकासको लक्ष्य ५, ५(१), ५(२) र ५(३), राष्ट्रिय योजना आयोग, २०१७



रजत प्रताप शाह
नगर प्रमुख

स्थानीय तहमा अवलम्बन गर्नका लागि संघीय संरचना अन्तर्गत कपिलवस्तु जिल्ला कृष्णनगर नगरपालिकाले बालबालिका विरुद्ध लक्षित हिंसा सम्बोधन गर्नुपर्ने आवश्यकता महशुस गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही यो बालविवाह अन्त्यका लागि रणनिति तथा कार्ययोजना (२०७८-२०८८) तर्जुमा गरी लागु गरेको छ।

## ३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था

**नेपालको संविधान २०७२:** नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरेको छ जसको उपधारा (५) मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न तथा बन्धक बनाउने विरुद्धको मौलिक हक प्रत्याभूत गरेको छ। त्यसैगरी सोही धारा (१०) मा उपधारा (५) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपुर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ। त्यसैगरी नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्धको हक सुनिश्चित गरि त्यस्तो कार्यलाई दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ।

**मुलुकी अपराध संहिता २०७४ :** २०७५ बैशाख १ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने उल्लेख गरी सोको उपदफा (१)मा बिस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने र उपदफा (२) मा त्यस्तो बालविवाह स्वत: बदर हुने अर्थात विवाहको मान्यता नदिने व्यवस्था गरिएको छ। सोही उपदफाको (३) मा त्यस्तो कसुर गर्ने व्यक्तिलाई तिन वर्षसम्म कैद र तिस हजार रुपियाँसम्म जरिवाना हुने गरि दण्ड सजायको व्यवस्था गरेको छ। बालविवाहलाई फौजदारी अपराधको रूपमा परिभाषित गरि कसैले कुनै महिलालाई निजको मञ्जुरी बिना करणी गरेमा वा १८ वर्षभन्दा कम उमेरको बालिकाको मञ्जुरी वा बेमञ्जुरी जुनसुकै किसिमले करणी गरेमा पनि जबरजस्ती करणी गरेको मानिने भनि उल्लेख भएबाट बालविवाह गरी यौन सम्पर्क गरेमा जबरजस्ती करणी गरेको ठहर व्यवस्था गरेको छ।

**मुलुकी फौजदारी कार्यविधि संहिता :** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले बालविवाह सम्वन्धी कसुरलाई नेपाल सरकारवादी मुद्दा भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ।

**मुलुकी देवानी संहिता २०७४ :** २०७५ बैशाख १ गतेदखि लागु भएको यस संहिताको दफा ७० मा पनि विवाह गर्न सक्ने उमेर २० वर्ष पुरा भएको हुनु पर्ने व्यवस्था गरेको छ।

**बालबालिका सम्बन्धी ऐन २०७५:** यस ऐनको दफा ६६ को उपदफा (२) को (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिका विरूद्धको हिंसा गरेको ठहर्छ भनी व्यवस्था गरेको छ। यस ऐनको दफा ३ ले प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नु पर्ने समेत व्यवस्था गरेको छ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ :** बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ। यस नीतिको रणनीति नं. ८.९ मा बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूलाई परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई



नगर प्रमुख

जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ। रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ :** ऐनको दफा १२ (२) ग को ३२ मा बालविवाह, महिला विरुद्धका हिंसा, देवकी, बोक्साबोक्सी, छुवाछुत, दाइजो (दहेज) कमैया प्रथा , हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, लैङ्गिक भेदभाव, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। जस अन्तर्गत बालविवाह विरुद्धका रणनीति, कार्य योजना तथा कार्यक्रमहरू तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्नु स्थानीय सरकारको जिम्मेवारी स्पष्ट छ।

**महिला विकास कार्यक्रम मार्गदर्शन, २०७२ :** बालविवाह बढी हुने जिल्लामा बालविवाहमा नै केन्द्रित भएर बालविवाह विरुद्ध विभिन्न कार्यक्रम आयोजना गर्ने र बालविवाह मुक्त क्षेत्र घोषणा गर्दै जाने कुरा उल्लेख गरेको छ।

**बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ :**नेपालमा बालविवाहलाई मौलिक हक विरुद्धको अधिकारको रूपमा मानि राष्ट्रिय कानुनले दण्डनीय अपराध ठहर गरे पनि यो अभ्यासलाई अझै पनि पूर्णरुपमा हटाउन सकिएको छैन। त्यसैले बालविवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्नका लागि सन् २०३० सम्म बालविवाह उन्मूलन गर्ने लक्ष्य सहित यो राष्ट्रिय रणनीति, २०७२ तर्जुमा गरि लागु गरेको छ। बाल विवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्तमा आधारित रहि विभिन्न रणनीतिक उपायहरु अवलम्वन गरिने व्यवस्था पनि यस रणनीतिले गरेको छ।

**पन्ध्रौ योजना (२०७६–२०७७/२०८०–२०८१):** मा बाल अधिकार सुनिश्चितताका साथै बालविवाहको रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिइएको छ।

**मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना :** मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८-२०८१/८२)[९]मा समेत बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति (२०७२) को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बालविवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।

यसका अतिरिक्त लुम्बिनी प्रदेश सरकारको बालवालिका सम्बन्धी ऐन, २०७६ ले बालवालिकाको विवाह गर्न वा गराउन नपाइने र उक्त कार्यलाई दण्डित गर्ने व्यवस्था गरेको छ।

अत: माथि उल्लेखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता र कानूनी रुपमा सुनिश्चित गरिएका बालविवाह विरुद्धको अभियानलाई सार्थक तुल्याउने उद्देश्यले कृष्णनगर नगरपालिकाको तर्फबाट यो रणनीति तथा कार्ययोजना तर्जुमा गरिएको हो।[१०]

## ४. वर्तमान सन्दर्भ

---

९मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२), नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

१०नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, २०७६



रजत प्रताप शाह
नगर प्रमुख

CamScanner

भारतसँग सीमाना जोडिएका जिल्लाका स्थानीय तहमा अभिभावकको सहमतिमा हुने बालविवाहको दर उच्च छ भने उत्तरी भेगका नगरपालिका वा गाउँपालिकाहरूमा प्रेम विवाहका कारण हुने बालविवाहको दर उच्च छ ।

कपिलवस्तु जिल्ला नेपालको जनसंख्याको आधारमा १६ औं स्थानमा, गरिबी सुचाङ्कको आधारमा ४७ औं स्थानमा र बालविवाह प्रचलन भएको आधारमा दोस्रो स्थानमा पर्दछ । यस जिल्लामा १५ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २१८,७७४ अर्थात ३८.३ प्रतिशत रहेको छ । त्यसैगरी किशोर किशोरीहरूको सङ्ख्या १३९,८१७ अर्थात २४.४ प्रतिशत रहेको छ ।

यस नगरपालिकाको पूर्वमा महाराजगञ्ज नगरपालिका, दक्षिण तथा पश्चिममा भारत र उत्तरमा शिवराज नगरपालिका तथा विजयनगर नगरपालिका अवस्थित रहेको छ । नगरपालिकाको केन्द्रबाट उत्तरी भागमा २० किमि दुरीमा पूर्व पश्चिम लोकमार्ग रहेको यो नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि २९ किमि. दुरीमा अवस्थित रहेको छ ।

नगरपालिकाको नामाकरणको सन्दर्भमा स्थानीय जानकार व्यक्तिका अनुसार बर्षौं पहिले यस क्षेत्रमा झण्डे खाँ नामक व्यक्तिले बस्ती बसालेकाले उनकै नामबाट झण्डेनगर भनिन्थ्यो । कालन्तरमा झण्डेनगरको पूर्वी भागमा रहेको हालको कृष्णनगर क्षेत्रमा समाजसेवी श्री गयाप्रसाद शाहले आधुनिक ढङ्गले बस्तीको विकास तथा विस्तारमा नेतृत्वदायी भूमिका खेलेकोले उहाँकै परिवारका सदस्यको नाम कृष्ण रहेको र उहाँ कै नामबाट नै त्यस बस्तीको नाम कृष्णनगर राखिएको देखिन्छ । यस क्षेत्रमा नै कृष्णनगर भन्सार स्थापना भएपछि यस नामको सार्थकता अझै बढेर गयो । यहि कृष्णनगरकै नामबाट नै नगरपालिकाको नामाकरण कृष्णनगर रहन पुगेको हो ।

तत्कालिन ३ वटा गाविस कृष्णनगर, शिवानगर र सिर्सिहवा गरि कृष्णनगर नगरपालिका स्थापना भएको २०७१ साल बैशाख २५ गते र कृष्णनगर नगरपालिका साविक कृष्णनगर नगरपालिकाका अतिरिक्त पुरुषोत्तमपुर, भिल्मी, अजिगरा, बहादुरगञ्ज, विद्यानगर, रामनगर र भगवानपुर गाविस मिलेर वि.सं. २०७३ साल फागुन २७ गतेमा गठन भएको हो । कूल ९६.६६ वर्ग किमि क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा हाल १२ वटा वडा कायम रहेका छन । (स्रोत: कृष्णनगर नगरपालिकाको प्रोफाइल)

यस पालिकाका नागरिक समाज, गैरसरकारी संस्था तथा विकास साझेदारसँगको सहकार्य र सहयोगमा बालविवाह अन्त्यका लागि समुदाय तहमा बाल क्लबको गठन, विभिन्न समुदायमा किशोरी समूह, युवा क्लबहरुको गठन र बालविवाह रोकथामको लागि समुदाय प्रहरी परिचालन, बालविवाह विरुद्ध जागरुकताका कारण विगतको तुलनामा बालविवाहका घटनामा केही कमी आएको महशुस गर्न सकिन्छ । तर कतिपय समुदायमा अझै पनि बालविवाह विरुद्द उजुरी नगर्ने र बालविवाह गर्न पाउनुपर्छ भन्ने मान्यता कायमै रहनु, बालविवाहका मुद्दालाई गाउँघरमा नै मिलाउने प्रयास गर्नु र भारतका अधिकांश राज्यमा विबाहको उमेर १८ बर्ष कायम हुँदा सीमा जोडिएका स्थानमा त्यस्ता विवाह रोक्ने प्रयासमा थप चुनौतिहरू देखा परेका छन् ।

**यसै सन्दर्भमा** यस पालिकामा पनि बालविवाह अन्त्यको रणनीति खाँचो भएको सन्दर्भमा कृष्णनगर नगरपालिकाको आयोजना तथा सिद्दार्थ सामाजिक विकास केन्द्र र युनिसेफ नेपालको प्राविधिक सहयोगमा पालिकाको सभाहलमा पालिका अध्यक्ष, स्वास्थ्य शाखा, शिक्षा शाखा, न्यायिक शाखा, प्रहरी, युवाक्लव, किशोरी सञ्जाल तथा संरक्षणको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा बालविवाह रणनीति योजना निर्माणका लागि सुझाव पेस गरिएको थियो ।

---

[11] बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीत (आ.व. २०७८/७९-२०८८/८९), प्रदेश सरकार, शिक्षा तथा सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, पृष्ठ ५

## ५. रणनीति तथा कार्य योजनाको आवश्यकता र औचित्य

नेपालमा बालविवाहलाई दण्डनीय अपराध ठहर गरे पनि व्यवहारिक रूपमा यसको अन्त्य हुन सकेको छैन । नेपालको संविधानले महिला तथा बालवालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसका साथै संविधानत: बालबालिकालाई बालविवाह, गैरकानूनी विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाइने र महिलाविरुद्द धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको हुंदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्य गर्नुपर्ने भएको छ ।

बाल विवाह उन्मूलनका लागि कानुनी समस्या नभए पनि कानून कार्यान्वयमा भएका कमजोरीका कारण बालविवाहको अन्त्यका प्रयासहरूले अपेक्षित सफलता प्राप्त गर्न सकेका छैनन् । देशमा संघीय संरचना अन्तर्गत तिन तहको सरकार निर्माण भएको छ । नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन गर्नु सबै तहका सरकारको दायित्व हो । बालविवाहले बालिकाको स्वास्थ्य रुग्णतालाई निम्त्याउँछ । यसले सिङ्गो राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक तथा विकासका धेरै पक्षहरूमा नकारात्मक असर पार्दछ । यो अवस्था रहुन्जेल मुलुकको कुल उत्पादकत्व क्षमता वृद्धि हुन सक्दैन र यसको नकरात्मक प्रभाव कूल गार्हस्थ उत्पादनमा पर्न जान्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक समिति, विश्वव्यापी आवधिक प्रतिवेदन, २०१५ अनुसार बालविवाह लगायत हानिकारक अभ्यास दण्डनीय बनाउने/अन्त्य गर्ने सुझाव नेपाल सरकारलाई दिएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदनमाथि CEDAW Committee (2018) ले नेपाल सरकारलाई महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरू माथि प्रतिबन्ध लगाइ पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने लगायत बालविवाह उन्मूलन गर्नुपर्ने र बालविवाह बदर गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ । उपरोक्त सुझावका साथै दिगो विकास लक्ष्य अनुरूप सन् २०३० सम्ममा बालविवाह उन्मूलन गर्नका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नु स्थानीय तहको प्राथमिक जिम्मेवारी भएको छ । त्यसैले बालविवाह उन्मूलनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल प्रहरी लगायत प्रदेश एवम् स्थानीय सरकार लगायत विकासका साझेदार संस्थाबाट प्रभावकारी नीतीगत रुपमा लाग्नु पर्ने आवश्यक रहेको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जारी भएको छ भने यस रणनीतिले बालविवाह मुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ ।

नेपालको संविधानले अनुसूचि ७ मा पारिवारिक मामिला (विवाह समेत) सम्बन्धी नीति र कानून तर्जुमा गर्ने अधिकार संघ र प्रदेशको साझा अधिकारको सूचिमा समावेश गरेको छ (बुँदा नं ५) सोही बमोजिम संघ र लुम्बिनी प्रदेशले सोही सम्बन्धी ऐन जारी गरेका छन् भने संविधानको अनुसूचि ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि अर्न्तगत (बुँदा नं ११मा व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क) बालविवाहलाई साझा विषयमा समावेश गरेका कारण पनि बालविवाह अन्त्यका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण देखिन्छ । त्यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानूनले समेत बालविवाह अन्त्यको अभियानमा स्थानीय सरकारको भूमिका महत्वपूर्ण देखिन्छ ।

यस सन्दर्भमा कृष्णनगर नगरपालिकाले महत्वपूर्ण रुपमा यो बालविवाह अन्त्यको रणनिति तथा कार्ययोजना कार्यान्वयनमा ल्याएको हो । यो रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य बारे परिवर्तनको सिद्धान्तका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

| | | |
|---|---|---|
| ***परिवर्तनको सिद्धान्त*** | | |
| **विद्यमान अवस्था** | कृष्णनगर नगरपालिकामा बालविवाहको समस्या विद्यमान रहेको र यसबाट बालबालिकाको शैक्षिक, स्वास्थ्य, आर्थिक तथा सामाजिक अवस्था अत्याधिक मात्रामा प्रभावित हुने गरेको | |
| **कारण** | पितृसत्तामा आधारित महिला तथा बालिकामाथि हुने भेदभाव, हिंसा, कमजोर परिवार संरक्षण प्रणाली तथा कानूनको कमजोर कार्यान्वयन, महिला तथा बालिकाको सशक्तिकरणका लागि सरकारको अप्रर्याप्त लगानीका साथै बालविवाह अन्त्य सम्बन्धी एकीकृत कार्यक्रमको अभाव | |
| **परिवर्तनका लागि रणनीति** | | |
| बालविवाहलाई बढावा दिने हानिकारक सामाजिक मूल्य मान्यता, परम्परा, अभ्यास परिवर्तनका लागि जनचेतना | पारिवारिक संरक्षण बलियो बनाउने सुरक्षा नीति तथा कार्यक्रम | महिला, बालबालिका तथा किशोरीहरूको शसक्तिकरणमा लगानी |
| महिला तथा किशोरीका लागि स्वरोजगार, आयमूलक तथा गैर पारस्परिक व्यवसायमा लगानी | बालविवाह विरुद्ध कानूनी अधिकार, सेवा सुरक्षा तथा न्यायमा पँहुचको सुनिश्चितता | सरकार, विकास साझेदार, नीजि क्षेत्र, संघसंस्था, विद्यालय, धर्म गुरु तथा महिला तथा बाल एवम् किशोरी समूहसँग कार्यगत एकता र अनुगमन |
| **नतिजा** : बालविवाहमुक्त कृष्णनगर नगरपालिका | | **प्रभाव** : बाल बालिकाहरूको आत्म सम्मानपूर्ण जीवन बाँच्न पाउने अधिकारको सुनिश्चितता |
| परिवर्तन . कृष्णनगर नगरपालिका बालविवाह मुक्त क्षेत्र भई बालबालिकाहरूले मानव अधिकारको पूर्ण उपयोग गरिरहेको आर्थिक, सामाजिक सांस्कृतिक दृष्टिकोणले नमुना र समृद्ध नगरपालिकाको रूपमा स्थापित हुनेछ । | | |

## ६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया

बालविवाह अन्त्यको रणनीति तथा कार्ययोजना तर्जुमाका लागि बालविवाह अन्त्य सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी दस्तावेजको अध्ययनका साथै यस पालिकामा क्रियाशील सामाजिक संस्था सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तु र युनीसेफ नेपालको आर्थिक तथा प्राविधीक सहयोगमा प्रारम्भिक मस्यौदा तयार भई त्यस पश्चात विभिन्न चरणमा कार्यपालिकाका सदस्य र पदाधिकारीहरूबीच भएको छलफल र



CamScanner

परामर्शमा आएका सुझावहरूलाई समेटी यो रणनीतिक तथा कार्ययोजना निर्माण भएको हो । यसलाई आवश्यकतानुसार परिमार्जन गरिने लक्ष्य राखिएको छ ।

यस बालविवाह रणनीति योजनालाई अन्तिम रूप प्रदान गर्नको लागि वृहत् छलफल र परामर्शका लागि नगरपालिकाले त्यस पालिकामा क्रियाशील सामाजिक संघ संस्था, नागरिक समाज र राजनैतिक दलका प्रतिनिधि, धर्म गुरुहरू, शिक्षक शिक्षिका, बाल क्लब, किशोरी क्लब लगायतको सुझाव लिएर निम्म अनुसारका विधि तथा प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

क) लक्षित समूह छलफल,

ख) जानकार व्यक्तिसँग अन्तर्वार्ता (राजनीतिक दलका प्रतिनिधि, धर्म गुरुहरू, शिक्षकशिक्षिका, बाल क्लब, किशोरी क्लब)

ग)आधारभूत सूचना संकलन (चेकलिस्टको आधारमा),

घ) दस्ताबेज नीति तथा कानूनको अध्ययन ।

## ७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यस बालविवाह अन्त्य सम्बन्धी कार्ययोजना निर्माण गरिएको छ :

(१) **अविभेद** : यो रणनीति तथा कार्ययोजना कार्यान्वयनको सिलसिलामा बालबालिका माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(२) **बालबालिकाको सर्वोत्तम हित** : यो रणनीति तथा कार्ययोजनाले बालविवाह अन्त्य गर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राखिएको छ ।

(३) **सारभूत समानता** : यो रणनीति तथा कार्ययोजनाले लैङ्गिकताका सवालमा परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

(४) **समता** : यस रणनीति तथा कार्य योजनाले असमान व्यक्तिहरूबीच समता कायम गर्न सकारात्मक विभेद गर्नुपर्ने सिद्धान्तलाई स्वीकार गर्दछ ।

(५) **कोहि पछाडि नछुटुन्** :यस रणनीति तथा कार्ययोजनाले दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

(६) **कसैलाई हानि नपुऱ्याउने** :यस रणनीति तथा कार्ययोजनाले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(७) **शून्य सहनशीलता** : यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा बालविवाहका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(८) **गोपनीयताको अधिकार**: यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बालविवाहबाट प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(९) **पुरुष तथा बालकहरूको सहभागिता**: यो रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा बालकहरूको सक्रिय सहभागिता अपरिहार्य छ भन्ने मान्यता राख्दछ ।

(१०) **संरक्षण (Protection)**:यो रणनीति तथा कार्ययोजनाले बालविवाहबाट प्रभावितहरूको संरक्षण उच्च प्राथमिकतामा राखेको छ ।

(११) **न्यायमा पहुँच तथा द्रुत न्याय** :यो रणनीति तथा कार्ययोजनाले बालविवाहबाट प्रभावितहरूका लागि द्रुत न्यायमा पहुँचको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(१२) **साझेदारिता र सहकार्य** : यो रणनीति तथा कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारी र सहकार्यलाई प्राथमिकतामा राखिएको छ ।

(१३) **परिवर्तनको सोच** :यो रणनीति तथा कार्ययोजना परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

## ८. दूर दृष्टि :

**बालविवाह मुक्त, बालमैत्री , सुखी र समृद्ध कृष्णनगर नगरपालिका**

## ९. ध्येय :

बालविवाह उन्मूलनका लागि सोच, व्यवहार, नीति तथा संरचनागत सुधार गरि बालबालिकाको आत्मासम्मान पूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

## १०.लक्ष्य :

कृष्णनगर नगरपालिकालाई आगामी १० वर्ष (२०७८-२०८८) भित्र बालविवाह मुक्त नगरपालिका बनाउने ।

## ११.उद्देश्यहरू :

१. कृष्णनगर नगरपालिकाका सबै वडाहरूलाई बालविवाह मुक्त क्षेत्र बनाउन विभिन्न निरोधात्मक उपायहरू अपनाउने,

२. बालविवाहको जोखिम भएका र बाल विवाहका प्रभावित बालबालिकाहरूलाई संरक्षण गरी अत्यावश्यक सेवा सुविधाहरूको व्यवस्था गर्ने,

३. बालविवाहबाट प्रभावितहरूलाई न्यायमा पहुँचको सुनिश्चितता र कानूनी उपचारका साथै पीडकहरूलाई कानूनी कारवाही गरी दण्डहीनताको अन्त्य गर्ने,

४. बालविवाह उन्मूलनका लागि नेतृत्वदायी र समन्वयात्मक भूमिका एवम् प्रभावकारी अनुगमनका लागि कृष्णनगर नगरपालिकाको संस्थागत क्षमता विकासका साथै अन्य मुख्य सरोकारवालाहरूको क्षमता विकास गर्ने ,

५. कृष्णनगर नगरपालिका अन्तर्गतका क्षेत्रमा दश वर्षभित्र बालविवाह उन्मूलन गर्नका लागि कार्ययोजना बनाइ लागू गर्ने ।

## १२. रणनीति तथा कार्यनीतिहरू

**उद्देश्य १ : बालिका तथा किशोरी सशक्तिकरण**



CamScanner

**रणनीति १.१ : औपचारिक, अनौपचारिक रूपमा विद्यालय, बाल क्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे विद्यार्थी, आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी विवाहको लागि अधिकारको रुपमा स्वनिर्णय गर्ने क्षमता विकास गर्ने ।**

- पालिकाका सबै वडाका विभिन्न समुदायहरूमा विद्यमान बालविवाह, बालविवाहका कारक तत्वहरू, परिणाम र समाधानका उपायहरू बारे सर्वेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने ,
- बालविवाह बारे पालिका र वडा स्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक राख्ने ,
- बालविवाहबाट महिलाहरुको व्यक्तिगत विकासका साथै राज्यमा पर्ने सामाजिक तथा आर्थिक व्ययभार बारे अध्ययन विश्लेषण गरी समाजमा सुसुचित गराउने ।

**रणनीति १.२ : बालविवाह अत्याधिक भएका समुदायहरूमा वडा कार्यालयहरूको अगुवाइमा निगरानी समूहहरू गठन, गरि परिचालन गर्ने ।**

- महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुषको सहभागिता रणनीति, २०७५ बारे मुख्य सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने ,
- वडाहरूमा प्रहरी, विद्यालय, बाल क्लब, किशोर किशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागितामा निगरानी समूह गठन गर्ने बालविवाह विरुद्धको अभियान तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- बालविवाह अन्त्यको अभियानमा लागेका पुरुष तथा किशोरहरूलाई विभिन्न समूहहरूमा आवद्ध गराई हिमायती (Champion) का रूपमा प्रत्येक वर्ष सम्मान गर्ने ।

**रणनीति १.३ : बाल विवाह प्रोत्साहन गर्ने हानिकारक सामाजिक मूल्य मान्यता र अभ्यासहरू परिवर्तनका लागि नगरपालिकाबाट विभिन्न नीति तथा कार्य योजना तर्जुमा गर्ने ।**

- लैङ्गिक समानता नीति तथा कार्य योजना निमार्ण गर्ने,
- घरपरिवार लगायत समाजले बालिका तथा किशोरीहरुले लैङ्गिकताको आधारमा भोग्न परेका भेदभाव, आर्थिक असमानता, यौन शोषण तथा दूर्व्यवहार विरुद्ध आधारभूत मापदण्ड सहितको विशेष नीति तथा कार्यक्रमहरू बनाई लागू गर्ने,
- विपद् तथा महामारीको समयमा बालिका तथा किशोरी (दलित, अपाङ्गता, जनजाति तथा विभिन्न कारणले पछाडि परेका) माथि हुन सक्ने हिंसा तथा जोखिम न्यूनीकरणका उपायहरूबारे बालबालिका उत्तरदायी विपद् व्यवस्थापन नीति तथा कार्यक्रमहरू बनाउने ।

**रणनीति १.४ : बालविवाह अन्त्य गर्न पारिवारिक संरक्षण प्रणालीको विकास गर्ने**

- घर परिवारमा बालबालिका तथा किशोर किशोरीहरू माथि गर्ने भेदभाव र विभेदपूर्ण कार्य विभाजनमा परिवर्तन समानतामा आधारित परिवारको संरचना बनाउन सहयोग गर्ने ,
- **कृष्णनगर नगरपालिकाको प्रतिबद्धता बालविवाह मुक्त, बालमैत्री , सुखी र समृद्ध कृष्णनगर नगरपालिका** नामक अभियानमा परिवारका अभिभावकहरूलाई समन्वय गरि अभियान सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने,



रजत प्रताप शाह
नगर प्रमुख

- आर्थिक रूपमा विपन्न परिवारका बालिकाहरूलाई शिक्षा तथा न्यायमा पहुँचको सुनिश्चितता गर्ने ,
- बालविवाह गरिदिने परिवारहरुको विवरण राखी कानूनी कारबाहीको लागि आवश्यक पहल गर्ने ।

## उद्देश्य २ : बालविवाहबाट प्रभावितहरूको संरक्षण गर्ने

**रणनीति २.१ लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चत गर्ने ।**

- बालविवाहबाट प्रभावित बालबालिकाहरूलाई परिवारले अस्वीकार गरेको अवस्थामा सहयोग तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने र यस सम्बन्धमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने,
- महिला हिंसाबाट प्रभावितहरूको पुनर्स्थापनामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रम, संस्थागत क्षमतासहितको अद्यावधिक विवरण संकलन गरी प्रभावकारी मूल्याङ्कन गर्ने,
- बालविवाहबाट प्रभावितहरूको लागि मनोसामाजिक सहयोग, मनोविमर्श, स्वास्थ्य सेवा प्रदायक तथा कानूनी सहायताका लागि स्थापित संयन्त्रमा उपलब्ध जनशक्तिको लगत अद्यावधिक गरी अपुग भएको क्षेत्रमा विशेषज्ञ/प्राविधिक जनशक्ति तयार गरी परिचालन गर्न सहयोग गर्ने ।

**रणनीति २.२ संरक्षण गृहको गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने ।**

- विगतमा नेपाल सरकार अन्तर्गत सञ्चालित सेवा केन्द्र तथा बालसंरक्षण केन्द्रहरूलाई नगरपालिका अन्तर्गत सञ्चालन गर्ने गरी कार्यविधि र मापदण्डहरू बनाई लागु गर्ने,
- सञ्चालित सेवा केन्द्र तथा बालसंरक्षण केन्द्रहरूमा उपलब्ध सेवा सुविधाहरू न्यूनतम मापदण्ड अनुसार भए नभएको बारे नियमित अनुगमन गरी प्रभावंकारीताको सुनिश्चितता गर्ने ,
- नगरपालिका क्षेत्रभित्र सरकारी र ग़ैरसरकारी क्षेत्रबाट सञ्चालित संरक्षण गृहहरूलाई एकीकृत सेवा प्रणाली अन्तर्गत व्यवस्थापन गर्ने,
- संघ तथा लुम्बिनी प्रदेश सरकारसँगको समन्वयमा बाल संरक्षण केन्द्रको स्थापनाका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने,
- केन्द्र सञ्चालनका लागि सामाजिक संघ संस्थालाई सहयोग गर्ने ।

**रणनीति २.३ बालविवाह प्रभावितहरूलाई समाज तथा परिवारमा पुर्नः स्थापनाका लागि बालमैत्री वातावरणको निर्माण गर्ने ।**

- तत्काल परिवारबाट स्वीकार नगरेका बालविवाह प्रभावितहरूको आत्मबल बृद्धिको लागि मनोसामाजिक सहयोग तथा परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई सहयोग गर्ने,
- परिवारमा निरन्तर भेटघाट र अनुगमन गरी प्रभावितहरू प्रति गर्नुपर्ने व्यवहार तथा सहयोग बारे परिवारका सदस्यहरूलाई आवश्यकता अनुसार जनचेतना र परामर्श गर्ने ,
- बालविवाहबाट प्रभावितहरूलाई उनीहरूको योग्यता र क्षमताअनुसार विशेष शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने ।



... प्रताप शाह
नगर प्रमुख

## उद्देश्य ३ : कानूनी उपचारसँग सम्बन्धित नीति तथा रणनीति

**रणनीति ३.१ बालविवाह विरुद्धको उजुरी संयन्त्रलाई प्रभावकारी बनाउने ।**

- जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी बालविवाह विरुद्ध सरल र सहज ढङ्गबाट उजुरी दर्ता गर्ने र सम्बोधन गर्ने प्रणालीको विकास गर्ने,
- जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला बालबालिका तथा जेष्ठ नागरीक सेवा केन्द्रको क्षमता (स्रोत र प्रविधि) विकास गर्ने,
- बाल विवाहका घटनाहरूमा स्वत:स्फूर्त कारवाही प्रकृया अवलम्वन गर्नका लागि प्रहरी कार्यालयसँग समन्वय गर्ने ।

**रणनीति ३.२ : नि:शुल्क कानूनी सहायताका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने ।**

- प्रभावितहरूको लागि नि:शुल्क कानूनी सहायताको व्यवस्था गर्ने,
- नि:शुल्क कानुनी सेवा प्रदान गरीरहेका संघ, संस्था तथा कानून व्यावसायीहरूको विवरण अद्यावधिक गर्ने,
- प्रभावितहरूलाई प्रभावकारी नि:शुल्क कानूनी सहायताको व्यवस्था गर्न सरोकारवालाहरूको क्षमता अभिवृद्धि र सहकार्य गर्ने ।
- सिफारीस तथा प्रेषण प्रणालीको स्थापना गरी पिडित तथा प्रभावितहरुको न्याय लगाएत अन्य सेवामा पहुँच अभिवृद्धि गर्ने ।

**रणनीति ३.३ प्रभावितहरूको कानूनी अधिकार बारे सूचनाको हक सुनिश्चित गर्ने ।**

- बालविवाहबाट प्रभावितहरुको कानूनी अधिकार बारे जनचेतना जगाउने,
- प्रभावितहरूको कानुनी अधिकार उल्लंघन भएमा कहाँ कसरी उजुरी गर्न सकिन्छ भन्ने प्रक्रिया बारे सूचनाको हक सम्बन्धी क्षमता अभिवृद्धि गर्ने,
- प्रभावित तथा सरोकारवालाहरूलाई प्रभावितहरूको जीवनमा रुपान्तर गर्न सहयोगी हुने गरी Champion बनाउन प्रशिक्षण दिई परिचालन गर्ने ।

## उद्देश्य ४ : क्षमता विकास तथा अनुगमन गर्ने

**रणनीति ४.१ बाल विवाह उन्मूलनका लागि पालिका र वडा कार्यालयहरूका साथै सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने ।**

- बाल विवाह अन्त्यको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पालिका र वडा कार्यालयहरूको क्षमता अभिवृद्धि गर्ने योजना बनाई पर्याप्त मानवीय तथा अन्य स्रोत व्यवस्थापन गर्ने,
- नगरपालिकाका सबै वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा मुख्य सरोकारवालाहरूलाई लैङ्गिक समानता, लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्था, लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक परीक्षण, दिगो विकास



रजत प्रताप शाह
नगर प्रमुख

CamScanner

[illegible], महिला अधिकार र बाल अधिकारहरूलगायतका मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र नेपालको प्रतिबद्धता र स्थानीय सरकारको जिम्मेवारी बारे क्षमता विकास गर्ने ।

**रणनीति ४.२ बालविवाह अन्त्य कोषको स्थापना गर्ने ।**

- बालविवाह विरुद्ध विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने र प्रभावितहरूलाई सहायता पुऱ्याउन बालविवाह उन्मूलन कोष स्थापना गर्ने,
- बालविवाह अन्त्य कोषमा रकम संकलन र कोष परिचालनलाई मार्गदर्शन हुने गरी कोष सञ्चालन कार्यविधि निर्माण गर्ने ।

**उद्देश्य ५ बालविवाह अन्त्य सम्बन्धी कार्ययोजना तयार गरि लागु गर्ने ।**

**रणनीति ५.१** कृष्णनगर नगरपालिकाका क्षेत्रमा बाल विवाह हुन नदिन र दश वर्षभित्र बालविवाह पूर्णरूपमा अन्त्य गर्नका लागि बालविवाह निरोध, बालविवाहको अग्रिम हस्तक्षेप, बालविवाहको घटना व्यवस्थापन, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

रजत प्रताप शाह
नगर प्रमुख

## १३. बालविवाह अन्त्यको कार्ययोजना, २०७८-२०८८

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

### १. निषेध(Prevention)

| क.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक |
|---|---|---|---|---|---|---|
| १.१ | बालविवाहको अवस्था बारे नगरपालिका र वडा स्तरीय तथ्याङ्क अद्यावधिक गर्ने । | १.१.१ बालविवाह, बाल विवाहका कारण र त्यसबाट पारिवारिक तथा स्थानीय सरकारमा पुर्‍याउने सामाजिक, आर्थिक एवं स्वास्थ्य स्थिति सम्बन्धी असरहरू बारे अध्ययन विश्लेषण गर्ने, | • नगरपालिका | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • पालिका स्तरीय र<br>• वडा स्तरीय अध्ययन प्रतिवेदन |
| | | १.१.२ बालविवाह अन्त्यको अवस्था बारे प्रत्येक तिन वर्षमा वडा स्तरमा अध्ययन अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक राख्ने, | • वडा कार्यालयहरू | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | तेस्रो वर्ष | • बालविवाहको अवस्थाबारे तथ्याङ्क |
| | | १.१.३ अध्ययन प्रतिवेदन बारे सबै समुदायमा ससूचित गराउने, | | | निरन्तर | • मिडिया रिपोर्टिङ<br>• वेबसाइट |
| १.२ | बालविवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत मूल्य मान्यता र व्यवहार विरुद्ध सरोकारवालाहरूको समन्वय र साझेदारितामा अभियानहरू सञ्चालन गर्ने । | १.२.१ वडाहरूमा प्रहरी, विद्यालय, बालक्लब, किशोरकिशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागितामा निगरानी समूह गठन गर्ने र बालविवाहलाई प्रोत्साहन गर्ने, हानिकारक परम्परा, मूल्य मान्यता र व्यवहार विरुद्धको सामाजिक अभियानमा परिचालन गर्ने, | | | ३ महिना भित्र थालनी गरी निरन्तरता दिने | • प्रत्येक वडामा तिन महिनामा एक पटक सचेतना कार्यक्रम |
| | | १.२.२ बालविवाह अन्त्यको अभियानमा लागेका पुरुष तथा किशोरहरूलाई विभिन्न समूहहरूमा आवद्ध गराइ कृष्णनगर नगरपालिकाको सपना बालविवाह मुक्त पालिका निमार्ण अभियानको हिमायती (Champion) का रूपमा परिचालन गरि प्रत्येक वर्ष सम्मान गर्ने । | • नगरपालिका | • राजनीतिक दलहरू<br>• संचार क्षेत्र<br>• निजी क्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • बालविवाह विरुद्ध सबैको साझा प्रतिबद्धता दस्तावेज<br>• अभियानहरू सञ्चालन गर्ने बारे निर्णय र परिपत्र<br>• अभियानको हिमायतीको अभिलेख<br>• वडाको प्रगति प्रतिवेदन |

रजत प्रताप शाह
नगर प्रमुख

उद्देश्य ; कृष्णनगर नगरपालिका क्षेत्रमा दश[illegible] बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क्र.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचौंक | |
|---|---|---|---|---|---|---|---|
| | | १.२.३ बालविवाह निषेध सम्बन्धी कानूनी प्रावधानहरूको बारेमा ज्ञानबर्दक सूचना सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने, | • नगरपालिका | • नेपाल वार जिल्ला इकाइ<br>• निजी क्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | तिन महिना भित्र | • बालविवाह निषेध सम्बन्धी कानूनी प्रावधानहरूको सूचना सामग्री | |
| | | १.२.४ बाल विवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव र पालिका र परिवारमा पार्ने आर्थिक व्ययभार बारे अध्ययन गरि अध्ययन प्रतिवेदन सूचना सामग्रीको रूपमा प्रकाशन गरि प्रचार प्रसार गर्ने, | | • स्वास्थ्य शाखा<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • सामाजिक तथा आर्थिक व्ययभार पुनरावलोकन,<br>• बालविवाहबाट पर्ने नकारात्मक आर्थिक सामाजिक प्रभाव बारे जानकारीमूलक लिफ्लेट, क्यालेण्डर, पोष्टर, पम्प्लेट आदि | |
| | | १.२.५ बालविवाहका नकरात्मक असरहरू र कानूनी उपचार तथा उजुरीको बारेमा मेला, पर्व तथा सिनेमा प्रदर्शनी, सडक नाटक प्रर्दशन गर्ने, | | • गै.स.स.हरू<br>• विकास<br>• प्रहरी साझेदारहरू<br>• जिल्ला वार इकाइ | निरन्तर | • बालविवाह विरुद्ध सिनेमा, भिडियो, सडक नाटकको प्रदर्शनी र सामग्री | |
| | | १.२.६ बालविवाह अन्त्य सम्बन्धमा दिगो विकास लक्ष्य र सो विषयमा नेपालले तयार पारेको सूचाङ्क, CEDAW, CRC, UPR, ICESCRसम्बन्धी सरकारी प्रतिवेदन उपर नेपाल सरकारलाई दिएको सुझावहरू र दिगो विकास लक्ष्य अनुरूप स्थानीय सरकारको जिम्मेवारी विषयक प्रशिक्षण दिने, | | | ६ महिना | • प्रमुख व्यवस्था र निष्कर्ष सुझावहरू र नेपालको दायित्व बोध गराउने जानकारी पुस्तिका । | |
| १.३ | बालविवाह अन्त्यका लागि पुरुषहरू, किशोर | १.३.१ अन्तर धार्मिक सञ्जाल तथा विभिन्न धर्म सम्प्रदायका धर्मगुरुहरू (महिला पुरुष) ज्योतिष, धामी झाँक्रीहरूसँग बालविवाह, दाइजो र धर्ममा | | • नेपाल वार जिल्ला इकाई<br>• अन्तर धार्मिक सञ्जाल | निरन्तर | • धर्मगुरुहरूको सहभागी भएको प्रशिक्षण कार्यक्रम | |

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क्र.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक |
|---|---|---|---|---|---|---|
| | समूह तथा शिक्षकहरू, धर्मगुरुहरू र निजी क्षेत्रसँग सहकार्य गर्ने । | विवाह सम्बन्धी मान्यता जस्ता विषयमा सम्वाद गरी पैरवी गर्ने गराउने, | | • गै.स.स.<br>• विकास साझेदारहरू | | • तथ्याङ्क र धर्म विशेषको जानकारी सहितको पैरवीपत्र |
| | | १.३.२ लैङ्गिक विभेद, बालविवाह, दाइजो जस्ता हानिकारक परम्पराहरू हटाउन उदाहरणीय योगदान पुऱ्याउने धर्मगुरुहरूलाई नागरिक सम्मान गर्ने, | | • वडा कार्यालय<br>• अन्तर धार्मिक सञ्जाल<br>• गै.स.स.<br>• विकास साझेदारहरू | | • प्रशंसापत्र, पुरस्कार पाएका संख्या |
| | | १.३.३ समुदाय स्तरमा बालविवाह हुन नदिनका लागि किशोरहरुलाई परिचालन गर्ने र समुदायका विभिन्न सञ्जालहरूमा सहभागी गराउने | | | | • पहिचान भएका Champion किशोरहरूको संख्या |
| | | १.३.४ बालविवाह अन्त्यको अभियानमा सकारात्मक भूमिका खेलेका किशोरहरूलाई सम्मान गर्ने, | | | | • प्रशंसापत्र, नगद पुरस्कार पाएका Championकिशोरको संख्या |
| | | १.३.५ निजी क्षेत्रका उद्योग, व्यवसाय, कम्पनी तथा कलकारखानाहरूको तर्फबाट व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत सेवाप्रदायक निकाय वा संस्थाहरू सँगको साझेदारितामा बालविवाह निषेध सम्बन्धी आचार संहिता तयार गरि बालविवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने | | • निजी क्षेत्रका संघ संस्थाहरू<br>• गै.स.स.<br>• विकास साझेदारहरू | १ वर्ष | • निजी क्षेत्रको नीति तथा आचार संहिता, मापदण्डहरू ।<br>• प्रशिक्षण कार्यक्रम र सहभागि संख्या ।<br>• अनुगमन प्रतिवेदन । |
| १.४ | बालविवाह अन्त्यका लागि बालबालिका मैत्री वातावरण र समूह सञ्जालको विकास गर्ने | १.४.१ १० देखि १९ वर्षका सबै (विद्यालय भित्र र बाहिर रहेका) बाल बालिकालाई विद्यमान बालक्लब, किशोरी/युवा/किशोर नयाँ समुह वा संजालमा गठन गर्ने र विद्यमान समूह तथा संजालको क्षमता वृद्धि गर्ने । | • नगरपालिका<br>• स्थानीय संघ संस्था र संजालहरु<br>• प्रहरी | • | २ वर्ष | • समूह तथा संजालको संख्या र सो मा सहभागि किशोर किशोरीहरूको संख्या |



रजत प्रताप शाह
नगर प्रमुख

**उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।**

## १. निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचांक |
|---|---|---|---|---|---|---|
| | | १.४.२ बालविवाह अन्त्यका लागि देहाएका अनुसार बालमैत्री र लैङ्गिकमैत्री विद्यालय शिक्षा र संरचनाको व्यवस्था गर्ने :<br>(क) खेलकुद र खेलकुद प्रशिक्षक,<br>(ख) बाल मनोविमर्शकर्ता,<br>(ग) छात्राको लागि छुट्टै शौचालय,<br>(घ) छात्राहरूको लागि सेनीटरी प्यांड,<br>(ङ) बालविवाह, लैङ्गिक हिंसा तथा बाल अधिकारको बारेमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरू (वादविवाद, हाजिरी जवाफ, प्रवचन तथा लेख रचना आदि) आयोजना, | • विद्यालय परिवार | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• विद्यालय, बाल अधिकार समिति, | ३ वर्ष भित्र सुरु गर्ने र निरन्तर गर्ने | • खेलकुद, वादविवाद प्रतियोगिता<br>• विभिन्न अतिरिक्त क्रियाकलापमा छात्र छात्राहरूको सहभागिता संख्या ।<br>• विद्यालयमा लैङ्गिक तथा बालिका मैत्री पूर्वाधारहरूको विकास निर्माणको संख्या ।<br>• विद्यालयमा महिला शिक्षक तथा छात्राहरूका लागि उपलब्ध सुविधाहरू ।<br>• बाल मैत्री र लैङ्गिक मैत्री घोषणा भएका विद्यालयको संख्या ।<br>• विद्यालय परिवारद्वारा संचालित विभिन्न अभियानको संख्या । |
| | | १.४.३. बाल विवाहका कारण र परिणामहरू बारे आधारभूत र माध्यमिक तहको शिक्षाको पाठ्यक्रम परिमार्जन गरी लागू गर्ने, | • नगरपालिका | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ<br>• पाठ्यपुस्तक विकास समिति | ३ वर्ष | • पाठ्यक्रम र पाठ्यपुस्तक सुधार गर्ने निर्णय ।<br>• पाठ्यक्रम र पाठ्यपुस्तक सुधार गर्ने समिति गठन ।<br>• पाठ्यक्रम पाठ्यपुस्तक परिमार्जन |
| | | १.४.४ बालविवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै वृहत् यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा (Comprehensive Sexuality and Reproductive Health | • नगरपालिका | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• स्वास्थ्य संस्थाहरु | | • तालिम प्राप्त शिक्षकहरूको संख्या |



रजत प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक |
|---|---|---|---|---|---|---|
| | | education)बारे शिक्षकहरूलाई प्रशिक्षण दिइ विद्यालयमा पठनपाठन गराउने, | | | | |
| | | १.४.५ विद्यालयमा बन्ने भौतिक संरचना बालिकामैत्री बनाउनका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक समिति, शिक्षक तथा कर्मचारीलाई अभिमुखीकरण गर्ने | • नगरपालिका | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • तालिम प्राप्त शिक्षकहरूको संख्या |
| | | १.४.५बालविवाहको उच्च जोखिममा रहेका र अवसरबाट बञ्चित रहेका निम्न आय वर्गका बालिका तथा किशोरीहरूलाई उच्च शिक्षासम्मको लागि छात्रवृत्ति, शैक्षिक सामाग्री तथा पोशाकको व्यवस्था गर्ने । | • वडा कार्यालयहरू | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • सहयोग प्राप्त गर्ने छात्राहरूको संख्या |
| | | १.४.६ विद्यालयमा अध्ययनरत छात्रछात्राहरूको बालविवाह हुन नदिन शिक्षक, विद्यार्थी र अभिभावकले पालना गर्नुपर्ने आचारसंहिता बनाउने, सोको पालना बारे अनुगमन गर्ने, | • विद्यालय परिवार | • नगरपालिका गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष भित्र | • आचार संहिता निर्माण<br>• अनुगमन टोली गठन<br>• बैठक र निर्णय<br>• अनुगमन संख्या |
| | | १.४.७ स्थानीय समुदायको संस्कृति सुहाउंदो बालिका विशेष शिक्षा र विद्यालयको व्यवस्था गर्ने, | • नगरपालिका, वडा कार्यालयहरू | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | २ वर्ष | • छात्राका लागि भिन्न विद्यालय सञ्चालन गर्ने निर्णय,<br>• योजना, संभाव्यता अध्ययन तथा श्रोत परिचालन<br>• सञ्चालनमा आएका विद्यालय र छात्रा संख्या |
| १.५ | विद्यालय बाहिरका बाल बालिका तथा किशोर किशोरीहरूलाई बालविवाह विरुद्ध सशक्तिकरण गरी | १.५.१ सबै वडाहरूमा बाल विवाह विरुद्ध विद्यालय बाहिरका किशोर किशोरीहरू तथा बाल बालिकाहरुको बाल विवाह विरुद्धको कार्यसमूह गठन गर्ने, | • वडा कार्यालयहरू | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • किशोर किशोरी तथा बालबालिकाहरुको समूह र संख्या |
| | | १.५.२ बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न किशोर किशोरीहरू तथा बाल | | | | • सूचना केन्द्र |



रजत प्रसाद शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचांक |
|---|---|---|---|---|---|---|
| | बालविवाह विरुद्ध परिचालन गर्ने । | बालिकाहरुको संगठनलाई विवाह सम्बन्धी निर्णय गर्न सक्ने क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | | | | |
| | | १.५.३ वडाहरूमा गै.स.स. सँगको समन्वय र सहकार्यमा किशोर किशोरी समूहलाई लैङ्गिक समानता, बाल अधिकार, जीवन उपयोगी शिक्षा, दौंतरी शिक्षा र सीपमूलक शिक्षा प्रदान गरी बाल विवाह विरुद्ध नेतृत्व र क्षमता विकास गर्ने, | | | निरन्तर | • बाल क्लब, युवा क्लबमा आवद्ध भएका बालबालिकाको संख्या<br>• किशोर किशोरीको क्षमता विकास कार्यक्रम संख्या<br>• कार्यक्रमको संख्या |
| | | १.५.४ विद्यालय बाहिरका किशोरीहरूलाई बालविवाह विरुद्ध उजुरी गर्ने संयन्त्र र कानुनी व्यवस्थाको बारेमा प्रहरी सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | नगरपालिका | • वडा कार्यालयहरू<br>• किशोर किशोरी समूह<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • कार्यक्रमहरूको संख्या<br>• उजुरीको संख्या |
| | | १.५.५ विद्यालय बाहिरका किशोरीहरूलाई लक्षित गरी लचिलो शिक्षासँग आवद्ध गरी औपचारिक शिक्षा प्रदान गर्ने, | • नगरपालिका, वडा कार्यालयहरू | • किशोर किशोरी समूह<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • औपचारिक शिक्षाका लागि विद्यालय खोल्ने निर्णय<br>• संभाव्यता अध्ययन<br>• विद्यालय सञ्चालन<br>• कक्षामा आवद्ध किशोरीहरूको संख्या |
| १.६ | पारिवारिक संरक्षण प्रणालीको विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | १.६.१ बाल विवाहलाई निरुत्साहित गर्न विशेष पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध नीति बनाई लागू गर्ने, | • वडा कार्यालयहरू | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • नीतिको मस्यौदा र पास |
| | | १.६.२ बालविवाह नगर्ने शर्तमा विपन्न परिवारका बालिकाहरूका लागि १२ कक्षासम्म निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने, | • नगरपालिका | • वडा कार्यालयहरू<br>• गै.स.स.हरू | निरन्तर | • सभाव्यता अध्ययन<br>• लाभान्वित हुने बालिकाहरुको संख्या |



प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने।

## १. निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक |
|---|---|---|---|---|---|---|
| | | १.६.३ बाल विवाह र छोरा छोरीबीच गरिने भेदभाव पूर्ण व्यवहार विरुद्ध सबै वडामा अभिभावकीय शिक्षा (Parenting Education) सञ्चालन गर्ने | • वडा कार्यालय | • विकास साझेदारहरू | १ वर्ष | • अभिभावकीय शिक्षा प्राप्त अभिभावकहरूको संख्या |
| | | १.६.४ जोखिम परिवारहरूमा महिला स्वास्थ्य स्वयंसेविकाहरू, सामाजिक परिचालकहरू र परामर्शदाताहरू परिचालन गरी सल्लाह र परामर्श दिने, | | | निरन्तर | • भेटघाट गरिएको परिवार संख्या |
| | | १.६.५ बालविवाहलाई निरुत्साहित गर्न विशेष पारिवारिक संरक्षण नितिमा मान्ने प्रतिवद्धता सहित एक परिवार एक हस्ताक्षर संकलन गर्ने | | | २ वर्ष | • हस्ताक्षर संकलन प्रमाण |
| १.७ | बाल विवाह अन्त्य गर्न नगरपालिकामा निर्मित सबै प्रकारका कानून, नीतिगत दस्तावेजहरू र योजना कार्यक्रमहरूमा लैङ्गिक समानता, महिला तथा किशोरी सशक्तिकरण र बाल अधिकारका सवालहरूलाई मूलप्रवाहीकरण गर्ने। | १.७.१ नगरपालिकाद्वारा निर्मित नीति नियम, योजना तथा कार्यक्रमहरूको लैङ्गिकता तथा बाल विवाह अन्त्यको दृष्टिकोणबाट सम्वेदनशील भए नभएको बारे पुनरावलोकन गर्ने, | • नगरपालिका | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • नीतिगत समायोजन सम्बन्धी मापदण्ड<br>• परिमार्जन भएको नीतिहरूको संख्या<br>• नीति कार्यान्वयन अनुगमन प्रतिवेदन |
| | | १.७.२ उक्त पुनरावलोकनको आधारमा नीतिमा समावेश हुनु पर्ने लैङ्गिक समानता र महिला सशक्तिकरणलाई अनिवार्य (non-negotiable)शर्तका रुपमा मूलप्रवाहीकरण गर्ने गरी न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने, | | | | |
| | | १.७.३ नीतिगत तहमा लैङ्गिक मूलप्रवाहीकरणका सिद्धान्त र व्यवहार बारे मुख्य सरोकारवालाहरूलाई तालिम दिने, | | | | • तालिम र सहभागिहरूको संख्या |

रजत प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक |
|---|---|---|---|---|---|---|
| **२. बालविवाह विरुद्ध सिघ्र हस्तक्षेप** | | | | | | |
| २.१ | बालविवाह विरुद्ध अग्रिम सूचना सम्प्रेषण र निगरानीको व्यवस्था गर्ने | २.१.१ वडाहरूमा प्रहरी, विद्यालय, बालक्लब, किशोरकिशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागितामा निगरानी समूह गठन गर्ने बालविवाह विरुद्धको अभियान तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | • नगरपालिका<br>• वडा कार्यालयहरू | • जि.प्रशा.का.<br>• जि.प्र.का वा स्थानीय प्रहरी कार्यालय<br>• समुदायमा आधारित संघ संस्थाहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • समन्वय बैठक निर्णय<br>• सूचना संकलन अभिलेख |
| | | २.१.२ बालविवाह बारे प्रहरीलाई अधिकता सूचना दिने व्यक्तिलाई प्रोत्साहन स्वरूप पुरस्कारको व्यवस्था गर्ने । | | | निरन्तर | • बालविवाह हुन लागेको बारे सूचनाको संख्या<br>• पुरस्कार पाउनेको संख्या |
| | | २.१.३ बाल विवाहको बारेमा सूचना दिने व्यक्तिको संरक्षणको सुनिश्चितता गर्ने । | | | | • उजुरीको संख्या<br>• गोपनीयता र संरक्षण पाउने अधिकार बारे प्रशिक्षण प्रतिवेदन |
| | | २.१.४ सबै वडाका टोलटोलमा बाल विवाह विरुद्ध नेपाल प्रहरीको नेतृत्वमा, बालक्लब तथा किशोर किशोरी समूह परिचालन गरी निगरानी गर्ने, | | | | • परिवार भेटघाट गरेको संख्या<br>• बैठक निर्णय<br>• उजुरीको संख्या |
| | | २.१.५ बाल विवाह रोक्न सफल भएका वडालाई विभिन्न अवसरमा सम्मान गर्ने, | | | | • सम्मानपत्र र सम्मानित भएका समुदायको संख्या |
| | | २.१.६ बाल विवाह अन्त्यका लागि बालविवाह गर्न लागेका परिवारमा भेटघाट, सल्लाह र परामर्शको लागि प्रहरी, स्वास्थ्य , शिक्षा कार्यालयसँग समन्वय गरी वडा सदस्य, महिला स्वास्थ्य स्वयंसेविका र किशोर किशोरी सञ्जाल | • नगरपालिका | • वडा कार्यालयहरू<br>• गै.स.स.हरु<br>• विकास साझेदारहरू | १ वर्ष भित्र र पछि निरन्तर गर्ने | • निर्देशिका<br>• कार्यविवरणमा परिमार्जन<br>• अतिरिक्त भत्ता |



रजत प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश, [illegible] बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| | | परिचालन गर्ने निर्देशिका तयार पारि कार्यान्वयन गर्ने । | | | | | |
| २.२ | बालविवाह विरुद्ध प्रतिबन्ध, बहिष्कार र अग्रीम चेतावनी (early warning) दिने पद्धतिको विकास गर्नो | २.२.१ सार्वजनिक पद धारण गर्ने पदाधिकारी, कर्मचारीहरू, राजनैतिक दलका नेताहरू लगायत सामाजिक अभियन्ताहरू बालविवाहमा सहभागी हुन निषेध गर्ने आचार संहिता निर्माण गरी प्रभावकारी रूपमा लागु गर्ने,<br>२.२.२ आचार संहिता बारे सार्वजनिक सञ्चार माध्यमबाट जानकारी दिने | • नगरपालिका | • राजनीतिक दलहरू<br>• जनप्रतिनिधि/ सरोकारवालाहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • आचार संहिता<br>• तालिम र सहभागिको संख्या<br>• मिडिया रिपोर्टिङ्ग | |
| २.३ | किशोर किशोरीको नेतृत्व विकास तथा जीवन उपयोगी सिप विकास गरी बाल विवाह विरुद्ध पैरवीका लागि रुपान्तरण कार्यक्रम सञ्चालन गर्ने | २.३.१ विद्यालय तहमा जीवन उपयोगी सिपमा आधारित रुपान्तरण कक्षा सञ्चालन गर्ने, विद्यालय बाहिर रहेका किशोरीहरूलाइ समूहमा आबद्ध गरी सञ्चार माध्यमबाट रुपान्तरण कार्यक्रम सञ्चालन गर्ने | नगरपालिका तथा नगर भित्रका सामुदायिक विद्यालय | • विकास साझेदार संस्था | | • किशोर किशोरीहरूको प्री र पोस्ट् जाँच, अर्न्तक्रिया | |

## ३. बालविवाहको घटना व्यवस्थापन तथा पुनस्थापन

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | बालविवाह विरुद्ध सर्वसाधारणले सरल र प्रभावकारी उजुरी | ३.१.१ बालविवाह राज्य विरुद्धको अपराध हो भन्ने कानुनी व्यवस्थाको बारेमा सर्वसाधारणलाई जानकारी दिने उजुरी प्रकृयालाई सहज बनाउन प्रहरी तथा स्थानीय सरकारले हटलाइनको सरल तरिकाको व्यवस्था गर्ने | • नगरपालिका<br>जि.प्र.का. | • राजनीतिक दलहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • समन्वय बैठक निर्णय<br>• उजुरी प्रक्रिया पुनरावलोकनको प्रतिवेदन | |



राजेन्द्र प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क्र.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक |
|---|---|---|---|---|---|---|
| | गर्न सक्ने पहुँच वृद्धि गर्ने । | ३.१.२ नगरपालिका, प्रहरी कार्यालय, र संघसस्थाद्वारा संचालित टेलिफोन हट लाइनहरूमा बाल विवाहको सूचना दिने बारे समुदायलाई व्यापक रूपमा जानकारी गराउने, | | | | • प्रहरी कार्यालयमा उजुरी दर्ता संख्या<br>• हटलाइन रिपोर्टिङ संख्या |
| ३.२ | बालविवाह विरुद्ध स्वत स्फुर्त (Suo moto) कारवाही प्रकृया अवलम्बन गर्ने । | ३.२.१ बालविवाह विरुद्ध स्वत:स्फुर्त (suo moto) कारवाहीका लागि प्रहरी परिचालन गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्ने, | • जि.प्रशा.का.<br>• जि.प्र.का. | • राजनीतिक दलहरू<br>• नगरपालिका न्यायिक समिति<br>• वडा कार्यालयहरू | ६ महिना | • समन्वय बैठक निर्णय<br>• घटना रिपोर्टिङ संख्या<br>• अदालतमा दर्ता भएको बालविवाहको मुद्दा संख्या |
| ३.३ | बालविवाहका प्रभावितहरूलाई लक्षित गरी संरक्षण गृह/सुधार गृहको व्यवस्थापन गर्ने । | ३.३.१ परिवारमा बस्न नसक्ने बाल विवाहका प्रभावितहरू लक्षित संरक्षण गृह/सुधार गृहसँग समन्वय गर्ने | • नगरपालिका<br>• जि.प्र.का. | • राजनीतिक दलहरू<br>• वडा कार्यालयहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | • | • बदर भएका बालविवाहका प्रभावितहरूलाई संरक्षण र सुधार गृहमा बसेका अभिलेख |
| | | ३.३.२ बालविवाह हुन सक्ने जोखिम भएका परिवारबाट उद्धार गर्नुपर्ने बालिकालाई संरक्षण दिन आवश्यकता अनुसार बाल संरक्षण गृहमा प्रेषण गर्ने, | | | | • परिवारबाट उद्धार गरिएका र बाल संरक्षण गृहमा प्रेषण गरिएका बालिकाको संख्या |
| | | ३.३.३ आफूखुशी विवाह गर्ने बदर, भागी बालविवाहका बालबालिकाहरूलाई अदालतबाट ठहर भए अनुसार बाल सुधार गृहमा प्रेषण गर्ने वा परिवारमा सामेल गराउने । | | | | • बाल सुधार गृहमा प्रेषण गरिएका बालबालिकाको संख्या |
| ३.४ | बालविवाहका प्रभावितहरूलाई कानुनी हक अधिकार तथा विभिन्न कार्यक्रमगत सामाजिक तथा | ३.४.१ बालविवाहका प्रभावित बालिकाहरूलाई लक्षित गरी आवश्यकता अनुसार देहायका सेवा सुविधाहरू प्रदान गर्ने बारे मापदण्ड बनाउने :<br>(क) कानूनी सहायता तथा सेवा<br>(ख) मनोविमर्श<br>(ग) स्वास्थ्य हेरचाह<br>(घ) औपचारिक/अनौपचारिक शिक्षा | • नगरपालिका<br>• वडा कार्यालयहरू | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • मापदण्ड प्रकाशन<br>• सेवा लिएका संख्या |



रजत प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क्र.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| | आर्थिक सशक्तिकरण गर्ने । | (ङ) सीप विकास तालिम<br>(च) लघु ऋण<br>(छ) बीउ पूँजी<br>(ज) स्वरोजगार/ गैर पारम्परिक व्यवसाय सम्बन्धी उत्प्रेरणा, | | | | | |
| | | ३.४.२ तोकिएका सेवा सुविधा प्रवाहका लागि सरोकारवालाहरू बीच समन्वय गर्ने, | | | निरन्तर | • लक्षित कार्यक्रम सञ्चालन भएको संख्या<br>• लाभान्वित बालिकाको संख्या | |

## ४. बालविवाह अन्त्यका लागि अनुगमन तथा मुल्याङ्कन

| क्र.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| ४.१ | बालविवाह अन्त्यको अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने । | ४.१.१ नगरपालिकाको न्यायिक समिति अन्तर्गत जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, गै.स.स.हरू र निजी क्षेत्रबाट प्रतिनिधित्व हुने गरी बढीमा ९ वा ११ जनाको अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन गर्ने, | • नगरपालिका<br>• वडा कार्यालयहरू | • जि.प्रशा.का.<br>• जि.प्र.का.<br>• निजी क्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष भित्र | • अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन सम्वन्धी निर्णय<br>• अनुगमन तथा मूल्याङ्कन कार्यदलको बैठक संख्या | |
| | | ४.१.२ परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन कार्यदललाई निरन्तर प्राविधिक टेवा पुऱ्याउन सक्ने गरी दक्ष जनशक्ति, आर्थिक श्रोत तथा प्रविधि सहित महिला तथा बालबालिका शाखा र अनुगमन शाखाको क्षमता अभिवृद्धि गर्ने, | | | | • RBM मा आधारित अनुगमन र मूल्याङ्कन सम्वन्धी कार्यविधि र मापदण्ड<br>• RBM र Logical Framework बारेको प्रशिक्षणमा सहभागी पदाधिकारी र कर्मचारीको संख्या<br>• अनुगमन प्रतिवेदन<br>• ध्यानाकर्षण गराइएको पत्र | |
| | | ४.१.३ कार्ययोजनामा तोकिएका कार्यक्रमहरू भए नभएको Logical Framework तयार भर्न लगाउने र सो अनुसार सम्पादन भए नभएको अनुगमन गर्ने, | | | | | |



गजेन्द्र प्रताप शाह
नगर प्रमुख

उद्देश्य : कृष्णनगर नगरपालिका क्षेत्रमा दश वर्षभित्र बालविवाह अन्त्य गर्नका लागि छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

## १. निषेध(Prevention)

| क.सं | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| ४.२ | बालविवाह अन्त्य बारे जातिगत तथा वडागत खण्डीकृत तथ्याङ्कको संकलन, अनुगमन र मूल्याङ्न गर्ने संयन्त्रको विकास गर्ने । | ४.२.१ जातिगत तथा वडागत खण्डीकृत तथ्याङ्क प्रणालीको वडामा जनशक्ति तयार गर्ने | | | प्रत्येक वर्ष | • खण्डीकृत तथ्याङ्क सम्बन्धी सफ्टवेयर र प्रतिवेदन ढाँचा<br>• प्रशिक्षण कार्यक्रम र सहभागी संख्या | |
| ४.३ | बालविवाह अन्त्य सम्बन्धी भएका असल तथा सफल अभ्यास बारे कथा बनाइ समुदायलाई सुसूचित गर्ने । | ४.३.२ अनुगमन तथा मूल्याङ्न पश्चता पहिचान भएका असल तथा सफल अभ्यासहरूलाई सञ्चार माध्यम, वेभसाइट, पुस्तिका प्रकाशन आदि मार्फत सार्वजनिक गर्ने, | | | निरन्तर | • मिडिया रिपोटिङ्ग<br>• वेभसाइट जानकारी<br>• पुस्तिका प्रकाशन | |

## १४. संस्थागत संरचना

नगरपालिकाले रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, समिक्षा तथा आवश्यकता अनुसार परिमार्जनका लागि निम्न अनुसार संरचना निर्माण गर्नेछ :

| नगरपालिका स्तर | वडा स्तर | समुदाय स्तर |
|---|---|---|
| • अध्यक्षको अध्यक्षतामा सल्लाहकार समिति<br>• उपाध्यक्षको संयोजकत्वमा निर्देशन समिति<br>• प्रमुख महिला विकास अधिकृतको संयोजकत्वमा कार्यान्वयन कार्यदल<br>• सामाजिक विकास महाशाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन कार्यदल | • वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय बालविवाह उन्मूलन समिति<br>• महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल | • महिला निगरानी समूह<br>• बाल क्लब/सञ्जाल र हिमायती<br>• युवा क्लब<br>• किशोरी किशोरसमूह<br>• नीजि संस्था<br>• धर्मगुरु सञ्जाल<br>• विद्यालय परिवार |

## १५. जोखिम तथा न्यूनीकरण

प्रस्तुत नगरपालिका स्तरीय बालविवाह अन्त्य सम्बन्धी रणनीति तथा कार्ययोजनाको स्वरूप वृहत् (comprehensive)भएको र यो साझा सरोकारको सवाल (Common Issue) भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोधहरू आउन सक्ने देखिन्छ। प्रमुख जोखिमहरू निम्न अनुसार छन् :

- बालअधिकार, बाल संरक्षण, लैङ्गिक समानता सम्बन्धी अवधारणा बारे साझा बुझाईमा एकरूपता नहुने हुनाले रणनीति तथा कार्ययोजना कार्यान्वयनमा जिम्मेवार सरोकारवालाहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्ने सम्भावना हुन सक्छ।
- कानूनले निर्धारण गरेको विवाहको उमेर बारे समुदायमा गलत, भ्रमपूर्ण र अपर्याप्त बुझाई कायम रहँदा बाल विवाहले सामाजिक मान्यता पाइरहेको अवस्था आफैमा एक चनौतिपूर्ण छ।
- सार्वजनिक तथा निजी क्षेत्र जताततै पुरूष प्रधान मान्यता हावी रहेको र भौतिक पूर्वाधारलाई प्राथमिकता दिने मानसिकता व्याप्त रहेको सन्दर्भमा बालिका र महिला केन्द्रित भई यो रणनीति तथा कार्ययोजना कार्यान्वयन प्राथमिकतामा नपर्न सक्छ।
- प्रतिबद्धता र इच्छाशक्ति सहितको दक्ष जनशक्तिको अभावमा यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनमा चुनौति हुन सक्छ।
- यो रणनीति तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति परिचालन, आर्थिक तथा अन्य श्रोत साधनको विनियोजनको कमीका साथै लैङ्गिक संवेदनशीलताको अभावमा यसले प्राथमिकता नपाउन सक्छ।

उपर्युक्त जोखिम न्यूनीकरणका लागि कृष्णनगर नगरपालिकाले देहाय अनुसार व्यवस्था गर्ने छ :

- यो रणनीति तथा कार्ययोजनाको सफल कार्यान्वयनका लागि पालिकाले संघ, प्रदेश सरकार र जिल्ला तहका निकाय र त्यससँग सम्बन्धित सरकारी कार्यालय, अन्य निकाय, राजनैतिक दल, विद्यालय, किशोरी समूह, महिला अधिकारको क्षेत्रमा क्रियाशील संघ, सस्था, गैरसरकारी संस्था तथा विकास साझेदारहरू बीच साझा अवधारणा, सहमति, प्रतिवद्धताका, सहयोग र समन्वयका लागि नियमित रुपमा छलफल र परामर्श गर्नेछ।
- यो रणनीति तथा कार्ययोजना बारे यथाशीघ्र सम्बन्धित सबैलाई अभिमुखीकरण गर्नेछ।



CamScanner

- सबै सरोकारवाला निकायहरूमा बालअधिकार, बाल संरक्षण र लैङ्गिक सवालहरू बारे ज्ञान दक्षता सहितको जनशक्ति निर्माणमा विशेष जोड दिनेछ।

## १६. सहकार्य तथा समन्वय:

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि कृष्णनगर नगरपालिकाले सरोकारवालाहरूसँग देहाय अनुसार सहकार्य र समन्वय गर्नेछ :

(क) बालविवाहबाट प्रभावित तथा कानुनी सेवामा पहुँच नभएका समुदायका व्यक्ति तथा समूहहरू विशेष गरी महिला, आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरूमाथि भइरहेका हिंसा तथा बालविवाह नियन्त्रण गर्न जिल्लामा कार्यरत कानून कार्यान्वयन निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य, विद्यालय, धर्मगुरु, नागरिक समाज, नीजि संस्था, लगायत संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार लगायत विभिन्न समुदायसँग समन्वय र सहकार्य गर्ने।

## १७ बालविवाह अन्त्य पालिका घोषणाका आधारहरू :

१७.१. बालविवाह अन्त्यका लागि स्थानीय रणनीति कार्यान्वयनका लागि पालिका स्तरीय समिति गठन,
१७.२ बाल क्लव किशोरी क्लव बाल सञ्जाल तथा स्थानीय सामुदायिक संरचना गठन तथा परिचालन,
१७.३ सरोकारवालाहरूको पहिचान समन्वय तथा सञ्जालिकरण,
१७.४ बालविवाह अन्त्यका लागि स्थानीय तहबाट कार्ययोजना निर्माण तथा बजेट विनियोजन र कार्यान्वयन,
१७.५ बालविवाह अन्त्यका न्यूनतम सूचक निर्धारण,
१७.६ बालबिवाह अन्त्यका लागि स्थानीय सरोकारवालाहरूसगँ परामर्श तथा अन्तक्रिया,
१७.७ बालविवाह अन्त्यका लागि सरोकारवालाहरूको प्रतिबद्धता,
१७.८ बालविवाह अन्त्यका लागि सयन्त्र निर्माण तथा परिचालन,
१७.९ बालविवाह अन्त्यका लागि आवधिक तथा वार्षिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन,
१७.१० बालविवाह अन्त्यका लागि विभिन्न क्लव तथा रूपान्तरण कार्यक्रमका किशोरी क्लव तथा सञ्जालको परिचालन,
१७.११ बालविवाह अन्त्यको लागि ऐक्यबद्धता व्यवहारिक सचेतना र सहयोगको लागि हस्ताक्षर अभियान,
१७.१२ अनुगमन मूल्याङ्कन समिक्षा तथा बालविवाह सम्बन्धी स्थिति पत्र तर्जुमा तथा सार्वजनिकरण,
१७.१३ बालविवाहमुक्त टोल गाउँविद्यालय वडा र पालिका घोषणा र निरन्तरता।

## १८.बालविवाह अन्त्यको घोषणाको सूचकहरू

१८.१. यो रणनीति लागु भए पश्चात् बालविवाह अन्त्य पालिका घोषणा गर्ने वर्षमा १८ वर्षभन्दा तलका बालविवाहको संख्या शून्य अवस्थामा रहेको हुनु पर्ने,
१८.२. १८ वर्षदेखि २० उमेरका बालविवाहको संख्याको हकमा ९० प्रतिशतले कमी आएको र मागी बालविवाह शून्य अवस्थामा हुनु पर्नेछ,
१८.३. कक्षा ५ भन्दामाथिका सम्पूर्ण विद्यालयहरूमा बाल अधिकार तथा संरक्षणका सवालहरूमा सक्रियहरूमा वकालत गर्दै आएका बाल क्लव तथा किशोरी क्लबहरूले वार्षिक योजना बनाइ अतिरिक्त क्रियाकलापहरू आयोजना गरेको,
१८.४.प्रत्येक समुदायहरूमा बालविवाह निगरानी समूहहरूको स्थापना भई सक्रिय रूपमा सम्भावित बालविवाह पहिचान पैरवी रोक्नका लागि परामर्श र बालविवाह भयो भने उजुरी जस्ता कार्यहरू गर्दै आएको,
१८.५.प्रत्येक वडाका गाउँका सार्वजनिक ठाउँहरूको बालविवाह विरुद्धका होडिङ्ग बोर्ड राखिएको हुनुपर्ने छ,



प्रताप शाह
नगर प्रमुख

CamScanner

१८.६ जोसुकै विवाहगर्दा टोल विकास, संस्था, बाल सञ्जाल तथा बाल क्लबसँग सिफारिस लिइ प्रकृया अगाडि [illegible] पालिकाको स्वास्थ्य संस्थाको तथ्याङ्कअनुसार २० वर्ष उमेर नपुग्दै आमा बन्नेहरूको संख्या शून्य रहेको हुनु पर्ने

१८.७. स्थानीय सरकार पालिका वा वडाले वार्षिक रूपमा बालविवाह अन्त्य शीर्षकमा बजेट विनियोजन गरी नियमित रूपमा कार्यक्रम गर्दै आएको,

१८.८.कक्षा ५ भन्दामाथिका सम्पूर्ण विद्यालयहरूमा एक एक वटा बहिनी वा किशोरी समूह गठन भइ नियमित रूपमा विद्यालय तथा समुदाय स्तरमा बालविवाह अन्त्यलाई लक्षित गरी विभिन्न अतिरिक्त क्रियाकलाप आयोजना गर्ने,

१८.९.समुदाय वडा तथा पालिका स्तरमा रहेका बाल संरक्षणसम्बन्धी सम्पूर्ण संरचना बालविवाह अन्त्यमा क्रियाशिल भएको हुनु पर्ने ।